# त्रिवेणी गाउँपालिकाको
# सातौं गाउँसभामा पेश गरिएको
# आ.व. २०७७।७८ को नीति तथा कार्यक्रम

नेपाली जनताको लामो संघर्ष र बलिदानले प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भई नेपालको संविधान २०७२ ले परिकल्पना गरेका तीन तहको सरकार निर्माण भई संविधान कार्यान्वयन भइरहेको वर्तमान परिवेशमा कर्णाली प्रदेश त्रिवेणी गाउँपालिका, सल्यानको सातौं गाउँसभामा आइपुगेका छौँ । देशलाई परिवर्तन गरी लोकतन्त्र प्राप्तीको लागि संघर्ष गर्ने तथा मातृभूमिका लागि आफ्नो ज्यान अर्पण गरी बलिदान दिने महान वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । यसै गरी संविधान सभाबाट संविधान जारी गर्ने संविधान सभाका सभाषद् ज्यूहरु र तत्कालिन प्रधानमन्त्री ज्यू प्रति सम्मान प्रकट गर्दछौं ।

सार्वभौमसत्ता जनतामा निहित भएको वर्तमान अवस्थामा त्रिवेणी गाउँपालिकाले जनताका भावना र आवश्यकताको पहिचान गरी सम्वृद्ध त्रिवेणी निर्माणको जग बसाउदैं त्रिवेणीवासीको जीवनस्तर माथि उठाउन र जनताको चाहनालाई सार्थक तुल्याउन २०७७।७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

वर्तमानमा देखिएको विश्वव्यापी महामारीको कोरोना भाइरस (कोभिड १९) ले विश्वको अर्थतन्त्रलाई धरासायी बनाई मानव जगतलाई मृत्युबाट बच्नलाई ठूलो संघर्ष गरिरहनु परेको तथ्य हाम्रो सामु छर्लङ्ग छ । यसको असर हाम्रो देश, हाम्रो प्रदेश र हाम्रै पालिकामा पनि व्यापक रुपमा परेको व्यहोरा सबैमा अवगतै छ । यस महामारीबाट कसरी आफू पनि बचौं र अरुलाई पनि बचाउँ । कतै सरसफाईको कमजोर अवस्थाले कोरोना भाइरस विरुद्धको लडाईमा कमजोर हुने त होइनौं, हामी सबैलाई गम्भीर बनाएको छ ।

त्रिवेणीको प्राकृतिक सुन्दरता, भौगोलिक विविधता सँगसँगै सामाजिक सद्भाव र साँस्कृतिक सम्पदाले समग्र गाउँपालिकाको विकास, सम्वृद्धिको व्यापक सम्भावना र आधार प्रकट गर्दछ । त्यसका लागि हामी सबै त्रिवेणीवासी आदरणीय जनसमूदायसँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने प्रतिवद्धता गरका छौं ।

सभाध्यक्ष महोदय तथा सभासद् ज्यूहरु,

“थरकोटको काखमा शारदाको साथमा, सफा, हराभरा, सुन्दर शान्त त्रिवेणी गाउँपालिका – सुशासन, सहभागिता दिगो विकास समृद्धि र समतामुलक समाज निर्माण हाम्रो प्रतिवद्धता” भन्ने मूल नाराका साथ विभिन्न नीतिहरु अवलम्बन गर्दै शुरु भएको त्रिवेणी गा.पा. को विकासको यात्रा “त्रिवेणीमा कृषि, पर्यटन र पूर्वाधार गाउँपालिकाको समृद्धि र विकासको आधार” सहितको नारा अवलम्बन गरिएका विभिन्न नीतिहरुको समीक्षा गर्दा सफलता प्राप्त भएको अनुभुति गरेका छौं । गत आर्थिक वर्षमा लिएका नीतिहरुको देहाय बमोजिम समीक्षा गरिएको छ ।

१) गाउँपालिकाको प्रत्येक वडामा सडक सुविधा पुऱ्याउने नीतिलाई कार्यान्वयन गरिएको र त्यस्ता सडकलाई स्तरोन्नति गर्दै लगिएको अवस्था छ ।

२) शिक्षालाई गुणस्तरीय बनाउन गाउँ शिक्षा योजनाको व्यवस्था गरी २० जना विद्यार्थी बराबर १ जना शिक्षकको व्यवस्था गर्न स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको छ ।

३) सामुदायिक शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन विद्यालयहरुमा इ-हाजिरी, कक्षा शिक्षकलाई सञ्चारको व्यवस्था गरिएको छ ।

४) त्रिवेणीवासीलाई जनाताको स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन गराउन सार्वजनिक विदामा गाउँपालिकाका सबै स्वास्थ्य चौकीहरु खुल्ला राख्ने व्यवस्था गरिएको छ ।

५) स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय खेलकूद, अध्यक्ष कप भलिबल प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गरी सबै तहका विद्यालयहरुमा खेलकूदको विकासको सुरुवात गरिएको छ ।

६) एक गाउँपालिका, एक खेलकूद मैदान निर्माणको लागि रिखेबगरमा गाउँपालिका स्तरीय खेलकूद मैदान निर्माण गरिएको छ ।

७) नेपाल सरकारबाट घोषणा गरिएका अभियानलाई त्रिवेणी गाँउपालिकाले आफ्नै अभियानको रुपमा सञ्चालन गरी पूर्ण खोप सुनिश्चितता, पूर्ण सरसफाई जस्ता अभियानलाई प्राथमिकता दिएको छ ।

८) करका दर र दायरा तथा नयाँ क्षेत्रको पहिचान र विकास गर्दै गाउँपालिकालाई आन्तरिक आयमा बलियो बनाउदै लैजान पहल कदमी लिएको छ ।

९) गाउँपालिकाको सभ्य र सुसँस्कृत तथा दक्ष जनशक्ति निर्माणको लागि शिक्षा क्षेत्रलाई सुधार गर्दै सबै जनताको पहुँचमा गुणस्तरीय शिक्षाको लागि त्रिवेणी गाउँपालिकाले शिक्षा नीति २०७४, गाउँ शिक्षा योजना २०७४ तर्जुमा गरी सुधारको थालनी गर्दै आफ्नो सँस्कृति, आफ्नो पहिचान र जीवन उपयोगी सीपको विकास गर्न हाम्रो त्रिवेणी पाठ्यक्रम तयार गरी लागू गरिएको छ । साथै सो सँग सम्वन्धित चालू आ.व.बाट कक्षा एक देखि कक्षा पाँचसम्म पाठ्यपुस्तक निर्माण गरी विद्यार्थीको हातहातमा पार्ने योजना राखेको छ ।

१०) जनताको सूचनाको हक तथा पारदर्शिताको विकास गर्दै सुशासनको अवधारणालाई सुदृढ गर्दै लैजाने प्रयास गरिएको छ । यसका लागि सबै वडाका जनतासँग अर्न्तक्रिया गर्न सार्वजनिक सुनाई कार्यक्रमलाई माध्यम बनाइएको छ । योजनाहरुमा सार्वजनिक परीक्षणलाई समेत प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

११) योजना छनौटलाई बस्तीस्तरबाट सबै पक्षको सहभागितामा स्थानीय आवश्यकता वातावरण मैत्री उत्पादनमूलक, रोजगारमुलक एवम् आयस्तर वृद्धि गर्ने प्राथमिकता प्राप्त आयोनाहरुमा सन्तुलित रुपमा बजेट विनियोजन गर्न योजना तर्जुमा प्रकृयालाई व्यवस्थति गर्न खोजिएको छ ।

१२) विकास निर्माणमा जनताको सहभागिता गुणस्तरीय र दिगो विकासको कल्पना गरी निर्माण कार्यलाई उपभोक्ता समिति तथा ठेक्कापट्टाबाट सञ्चालन गरी दुवै पक्षका राम्रा नराम्रा पाटाहरुबाट सिकाई लिने काम भइरहेको छ ।

१३) जनताको स्वास्थ्य उपचार तथा नागरिकता वितरण सहितको व्यवस्था जनतालाई घरदैलोमै उपलब्ध गराउने उद्देश्यले एकीकृत घुम्ती शिबिर सञ्चालन गरी जनतालाई स्थानीय सरकार भएको अनुभूति गराउने काम भएको छ ।

१४) गाउँपालिकाका महत्वपूर्ण योजनाहरुका डि.पि.आर. निर्माण गर्ने काम भएका छन् ।

१५) त्रिवेणी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको काम सुरुवात गरिएको छ ।

१६) गाउँपालिकाको विकासलाई योजनावद्ध ढङ्गले अगाडि बढाउन आधारहरु तयार गर्नुपर्ने हुन्छ त्यसका लागि गाउँपालिकाको प्रोफाइल, यातायात गुरुयोजना तथा पाँच वर्षे आवधिक योजना निर्माण गरिएको छ ।

१७) कृषिको माध्यमबाट किसानहरुको जीवनस्तर उठाउन कृषि तथा पशुपालन गर्ने किसानहरुलाई विभिन्न अनुदान दिने व्यवस्था मिलाइएको छ ।

१८) त्रिवेणीवासीको स्वास्थ्य सेवालाई सुदृढ बनाउदै छिटो छरितो उपचार गराउन गाउँपालिकाबाट एम्बुलेन्स सेवा सुचारु गरिएको छ ।

१९) त्रिवेणी गाउँपालिकाको त्रिवेणी स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालन गरिएको छ ।

२०) स्वास्थ्य क्षेत्रलाई प्रभावकारी रुपमा लैजान महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सञ्चार सेवा तथा पोशाक भत्ता अनुभव आदान प्रदान गर्न अध्ययन भ्रमणको व्यवस्था मिलाइएको छ ।

सभाध्यक्ष महोदय एवम् सभासद् ज्यूहरु, अव म त्रिवेणी गाउँपालिकाको आगामी आ.व.को सोँच, लक्ष्य, अपेक्षित उपलव्धी र अवलम्वन गरिएका नीतिहरुको सम्बन्धमा संक्षेपमा जानकारी गराउने अनुमति चाहन्छु ।

१) **सौंच** : विकासको सम्भावनाको रुपमा रहेको कृषि र पशुको व्यवसायीकरणको माध्यमबाट आगामी पाँच वर्षभित्र आत्मनिर्भर र सवृद्ध त्रिवेणी गाउँपालिका निर्माण गर्ने ।

२) **अपेक्षित उपलव्धी** : स्रोत र साधनको प्रभावकारी ढङ्गबाट उत्पादनमूलक रोजगारीका क्षेत्रमा खर्च भई जनताको आय जीवन पद्धति र सौंचमा सकारात्मक परिवर्तन आएको हुनेछ ।

३) **मूल मन्त्र** : "स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका विकासमा हाम्रो प्रतिवद्धता" भन्ने मूल नारालाई साकार पार्न त्रिवेणी गाउँपालिकाले छिटो प्रतिफल दिने क्षेत्रमा सहभागितामूलक तरिकाबाट खर्च गर्दै दिगो विकास लक्ष्यको माध्यमबाट विकसित समाज निर्माण गर्नु हाम्रो मूल नीति रहेको छ । यस मूल नीतिलाई सफलिभूत बनाउन तपसिलका क्षेत्रगत नीतिहरु तय गरिएको छ :

**तपसिल:**

**क) आर्थिक विकास:**

- उत्पादनमा आधारित अनुदान बोट विरुवामा, फलफूलमा, पशुजन्यमा सबै क्षेत्रमा उपलब्ध गराउने व्यवस्था गरिने छ । यो अनुदान कृषिजन्य सहकारीलाई पनि एकमुष्ट उपलब्ध गराउने नीति लिइने छ ।
- भौगोलिक क्षेत्र अनुसार पकेट क्षेत्रको निर्धारण गर्दै कृषि तथा पशु क्षेत्रको व्यवसायीकरण गर्न उत्पादनका आधारमा अनुदान उपलब्ध गराइने छ । यसको लागि **"कृषकको उत्पादन त्रिवेणी गाउँपालिकाको अनुदान"** कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गरी कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- पर्यटन क्षेत्रलाई पनि विकासको आधार बनाउन "एक वार्ड, एक होमस्टे" निर्माण गर्न प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- पर्यटन क्षेत्रको विकास गरी आन्तरिक पर्यटन प्रबर्द्धनको माध्यामबाट गाउँपालिकाको आयबृद्धि गर्न त्रिवेणी गाउँपालिकाको पिमखोला नजिकको छहरालाई व्यवस्थित गर्न पर्यटकीय योजना निर्माण गरी उक्त क्षेत्रलाई उद्यानको रुपमा समेत विकास गरिने छ ।
- तल्लो तटीय क्षेत्रमा आँप, लिच्ची, मेवा र उपल्लो भागमा सुन्तला, कागती जस्ता अमिला जातका फलफूल तथा ओखर, किवी जस्ता फलफूलको व्यवसायिक उत्पादन बढाउन कृषि फलफूल उत्पादन सहकारीसँग मिलेर गाउँपालिकाबाट कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।
- सहकारीलाई क्रियाशिल र सक्षम बनाउन सहकारी मर्जको नीति अवलम्वन गरिने छ ।
- स-साना लघु तथा घरेलु उद्योगहरुको विकास गरी जनताको आयस्तरमा वृद्धि ल्याउने कार्यलाई निरन्तरता दिएको छ । यसको लागि प्रविधि आवश्यक पर्ने भए सो समेत उपलब्ध गराउने व्यवस्था गरिने छ ।

**ख) सामाजिक विकास:**

- विश्व व्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) महामारीबाट आफू पनि बचौ अरुलाई पनि बचाउ भन्ने नारालाई सार्थक तुल्याउन विविध गतिविधिहरु सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
- थप एक एम्बुलेन्स खरीद गरी वडा नं. १, २ र ३ को जनतालाई सेवा उपलब्ध गराइने छ ।
- रोजगारीका लागि नेपालका विभिन्न स्थान तथा छिमेकी मूलुक भारत र विभिन्न तेस्रो मूलुकमा रहेका नागरिकहरुलाई पालिकामा भित्रिने वित्तिकै गाउँपालिकाले निर्माण गरेको क्वारेन्टाइनमा राख्ने र स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ ।
- बन्दाबन्दी (लकडाउन) बाट असँगठित क्षेत्रका मजदुरहरु असहाय, विपन्न, एकल महिलाहरु तथा प्रत्यक्ष प्रभावमा पर्ने पालिकाबासीहरुलाई संघ, प्रदेश र पालिकाको समन्वयमा राहत वितरण कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य सेवा प्रभावकारी रुपमा जनतालाई प्रदान गर्न सार्वजनिक विदामा समेत स्वास्थ्य चौकी खुला रहने व्यवस्था मिलाएको छ ।

- स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने महिला स्वास्थ्य स्वयमसेविकाहरुको सेवालाई सम्मान गर्दै प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बाल मृत्युदर तथा मातृ मृत्युदर कम गर्न, कुपोषित गर्भवती महिला र बच्चालाई बचाउन प्रोटोकल अनुरुप सुत्केरी जाँच गराउन आउने महिलालाई विगतमा दिदै आएको आयो नून, सुत्केरी भत्ता तथा बच्चालाई न्यानो झोला दिइने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- जनताको स्वास्थ्यलाई ख्याल गरी पूर्ण खोप सुनिश्चितता तथा पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिइने छ ।
- जनतालाई स्वस्थ खानेपानी सेवा उपलब्ध गराउन खानेपानी सम्बन्धी योजनाहरु निर्माण गर्ने, पुराना योजनाहरुको मर्मत सम्भार साथै खानेपानी सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- वडा नं. ३ र वडा नं. ५ मा स्वास्थ्य संस्थाको भवन निर्माण कार्य सञ्चालन गरिने छ ।
- त्रिवेणी गाउँपालिका भित्र स्वास्थ्य सेवा उपचार सुविधाको लागि १५ सैयाको अस्पताल बनाउन आवश्यक पहल गरिने र सबै स्वास्थ्य चौकीमा ल्याव सेवा सुरु गर्ने कार्यक्रम ल्याइनेछ ।
- त्रिवेणी गाउँपालिकाका दलित, जनजाती, मुस्लिम, अपाङ्ग तथा महिलाहरुका लागि सम्मान तथा आय आर्जनका सिपहरु उपलब्ध गराई आत्मनिर्भर गराउने कार्यक्रम ल्याइनेछ ।
- जेष्ठ नागरिक तथा असहायको सम्मान तथा उचित संरक्षणको लागि कार्यक्रम ल्याइनेछ ।
- बालबालिकाको विकासका लागि बालमैत्री कार्यक्रम सञ्चालन गरी बाल क्लबहरुलाई परिचालन गरिनेछ ।
- भाषा, कला र संस्कृति संरक्षणका लागि जोड दिइने छ । त्यसका लागि “हाम्रो त्रिवेणी - हाम्रो संस्कृति” भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामूदायिक शिक्षालाई गुणस्तरीय बनाउन निर्माण गरिएको विद्यालय सुधार योजनालाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ । साथै गाउँ शिक्षा नीतिमा समयानुकूल परिमार्जन गर्दै लगिने छ ।
- “खेलकूदको विकास - स्वस्थ जीवनको आधार”, “राष्ट्रका लागि खेलकूद - स्वास्थ्यका लागि खेलकूद” भन्ने नारा सफल बनाउन विद्यालयका विभिन्न तहमा खेलकूद कार्यक्रम सञ्चालन गरिने छ ।
- त्रिवेणी गाउँपालिकाको गाउँपालिका स्तरीय खेलकूद प्रतियोगिता तथा अध्यक्ष कप भलिबल प्रतियोगितालाई यथावत सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
- कार्य सम्पादन सम्झौताको आधारमा शिक्षाको मूल्याङ्कन गर्ने परिपाटीको विकास गरी दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने व्यवस्थाको थालनी गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा आवश्यक उपकरणको व्यवस्था मिलाउदै लगिने छ ।

ग) <u>पूर्वाधार:</u>

- गाउँपालिकाद्वारा सञ्चालन भएका तर सम्पन्न नभएका सडकहरुलाई निरन्तरता दिइनेछ ।
- निर्माण भएका सडकको स्तरोन्ती गरिदै लगिने छ ।
- सडक नपुगेका वस्तीमा सडक पुऱ्याउने व्यवस्था गरिनेछ ।
- झोलुङ्गे पुल, मोटरेबल पुलको निर्माण कार्य थालनी गरिने छ ।
- गाउँपालिकाका गौरवका योजनाहरुलाई अगाडि बढाइनेछ ।
- खेतीयोग्य जमीनमा सिचाँईको प्रवन्ध मिलाइनेछ ।
- त्रिवेणी गाउँपालिकालाई पूर्ण विद्युतीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- त्रिवेणी गाउँपालिकाको सबै बस्तीमा सञ्चार सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।
- भौतिक संरचनाको मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरी सञ्चालनमा ल्याइनेछ ।
- गरिबी निवारणका लागि बेरोजगार सूचीमा सूचीकृत भएका श्रमिकहरुलाई रोजगारमूलक आयोना छनौट गरी रोजगारको अवसर प्रदान गरिनेछ ।
- उपोभोक्ता समितिबाट निर्माण भएका आयोजनाहरु उनीहरुलाई नै हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

- त्रिवेणी गाउँपालिकाका विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघ र प्रदेशमा पठाउन योजना बैंक निर्माण गरिनेछ ।

घ) <u>वन वातावरण तथा विपद व्यवस्थापनः</u>

- जनताको आय आर्जन गर्नका लागि उत्पादनमूलक तथा औषधीजन्य बोट विरुवाको विकास र संरक्षण गर्दै **“हाम्रो वन हाम्रो विकास”** कार्यक्रमलाई निरन्तरता दिइनेछ । त्यसका लागि सामूदायिक वनहरु सँग हातेमालो गर्दै अगाडि बढ्ने नीति अवलम्बन गरिनेछ ।
- बाँझो जग्गालाई प्रयोगमा ल्याउन कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषिलाई आधुनिकरण र व्यवसायिक गर्नको लागि नयाँ प्रविधि हस्तान्तरण गर्ने नीति लागू गरिनेछ ।
- जलाधार संरक्षण, जलवायु परिवर्तन सम्बन्धमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकालाई स्वच्छ र सफा राख्न सरसफाई अभियन्ता खटाई टोल विकास संस्थाहरुमा परिचालन गरिनेछ ।
- त्रिवेणी गा.पा. भरिका टोल विकास संस्थाहरुलाई बैठक सञ्चालनका लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।
- वातावरण संरक्षण गर्न पुराना पोखरीहरुलाई संरक्षण साथै आवश्यक ठाउँमा नयाँ पोखरीको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका खाली स्थानमा वृक्षारोपन र डढेलो नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाले निर्माण गरेको मुख्य सडकहरुमा सडक संभारकर्ता (लेन्थ वर्कर) परिचालन गरिनेछ ।

ङ) <u>सुशासन तथा संस्थागत विकासः</u>

- कार्यालयको संस्थागत क्षमता विकास गर्न आवश्यक कार्यक्रम बनाई लागू गरिनेछ ।
- पारदर्शीता तथा वित्तिय जोखिम न्यूनीकरण गर्नका लागि विद्युतीय हाजिरी मेसिनको व्यवस्था, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- सार्वजनिक वित्तिय जोखिम न्यूनीकरण गर्न वित्तिय नियन्त्रणका प्रावधानहरु लागू गरिनेछ ।
- विकास निर्माण कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन उपभोक्ता समितिहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको आन्तरीक शान्ति सुरक्षा, अवरोध हटाउने, उद्धार कार्य, बजार व्यवस्थापन कार्यलाई व्यवस्थित गर्नको लागि नगर प्रहरीको व्यवस्था गरिएकाले नगर प्रहरीको क्षमता वृद्धि गर्न आवश्यक तालिमहरु सञ्चालन गरिनेछ ।
- सेवा प्रवाहलाई गुणस्तरीय र चुस्त दुरुस्त बनाउन कर्मचारीहरुको उच्च मनोबल हुनु पर्ने भएकोले आन्तरीक आम्दानी कार्यबोध समेतको विचार गरी पारिश्रमिकमा पुनरावलोकन गरिनेछ ।
- संस्थागत विकासको लागि विभिन्न उपकरण तथा सफ्टवयर जडानलाई निरन्तरता दिइनेछ ।
- कार्यालयमा अभाव हुने प्राविधिक तथा कार्यालय सहयोगी स्तरका कर्मचारीहरु करारमा भर्ना गरी कार्य सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- कार्यालयको कामकाजलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुलाई विभिन्न विषयका क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
- आश्यकता अनुसार जनप्रतिनिधिहरुलाई समेत तालिमको व्यवस्था गरिनेछ ।
- त्रिवेणी गाउँपालिका भित्रका सार्वजनिक जग्गा संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

च) <u>विविधः</u>

- गाउँपालिका भित्रको तथ्याङ्कलाई व्यवस्थित गर्न आवश्यक नीतिको तर्जुमा गरिनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालयको प्रशासकीय भवन तथा स्वास्थ्य संस्था निर्माणका लागि जग्गा प्रदान गर्ने दाताहरुको अभिलेख व्यवस्थित गर्ने व्यवस्था गरिनेछ ।
- वर्तमान कोरोना भाइरस महामारीको समयमा आफ्नो जिउज्यान जोखिममा पारी सेवा पुऱ्याउने स्वास्थ्यकर्मी लगायतलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने नीति लिइएको छ ।
- गाउँपालिकाको विपद व्यवस्थापन कोषमा सहयोग गर्ने सबै दाताहरुलाई धन्यवाद दिदै विपदमा परेका लक्षितवर्गहरुलाई **"विपदमा स्थानीय सरकार"** कार्यक्रम अन्तर्गत राहत उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

अन्त्यमा विकासको गति निरन्तर चलिरहने प्रक्रिया भएकोले समग्र गाउँपालिकाको यथोचित विकासको लागि सबै प्रयासहरु गरिनेछ । समृद्ध त्रिवेणी निर्माणको यो यात्रामा निजी क्षेत्र, विद्धतवर्ग, सबै क्रियाशिल राजनीति दलहरु, नागरिक समाज र समग्र त्रिवेणीवासिमा हार्दिक आग्रह गर्दै सहकार्य र सदभावका लागि सबैको सहयोगको अपक्षा गर्दछु । यस सातौं गाउँसभामा प्रस्तुत हुने नीति, कार्यक्रम र बजेटका सम्बन्धमा महत्वपूर्ण राय सल्लाह उपलब्ध गराउने राजनैतिक दल र यस गाउँपालिका अन्तर्गतका पूर्वजनप्रतिनिधि ज्यूहरु प्रति धन्यवाद व्यक्त गर्दै यो नीति तथा कार्यक्रमलाई बिट मार्ने अनुमती चाहन्छु । धन्यवाद